## संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र वीरगंज उप-महानगरपालिकाका कार्यकारी अधिकृतबीच कार्यसम्पादन सम्झौता

निजामती सेवा नियमावली, २०५० को नियम १२५ ले निजामती कर्मचारीहरुको कार्यसम्पादनलाई नतिजामूलक बनाउने व्यवस्था गरे अनुरुप नगरपालिकाहरुको समष्टिगत कार्य प्रभावकारिताको अभिवृद्धि गरी जनसहभागिताको प्रवर्धन गर्दै सार्वजनिक सेवाको नतिजामूलक प्रवाहका निमित्त **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय** (यस पछि मन्त्रालय भनिने) का तत्कालिन **सचिव डा.सोमलाल सुवेदी** (यस पछि पहिलो पक्ष भनिने) र **वीरगंज उप-महानगरपालिकाका कार्यकारी अधिकृत श्री विष्णु प्रसाद कोइराला** (यस पछि दोस्रो पक्ष भनिने) बीच मिति **२०७१।०९।०८** मा तपसील बमोजिमका कार्यहरु सम्पादन गर्न यो कार्य सम्पादन सम्झौता गरिएको छ । यो कार्य सम्पादन सम्झौता आर्थिक वर्ष २०७१/०७२ को अवधि देखि कार्यान्वयन गर्ने गरी लागु गरिने छ ।

### तपसिल

१. **कार्यसम्पादन सम्झौताका शर्तहरु**

१. यो सम्झौता हस्ताक्षर भएको मितिबाट लागू हुनेछ ।
२. यो सम्झौताको कार्यान्वयन गर्नु कार्यकारी अधिकृतको जिम्मेवारी हुनेछ ।
३. मन्त्रालयले यस सम्झौतमा उल्लिखित कार्यक्षेत्रको कार्यान्वनयका लागि कार्यकारी अधिकृतहरुलाई निरन्तर सहयोग, समन्वय र मार्गदर्शन प्रदान गर्नेछ । मन्त्रालयले विषयगत मन्त्रालयहरुसंग आवश्यकता र नगरपालिकाहरुको मागबमोजिम समन्वय र सहजिकरण गर्ने छ ।
४. मन्त्रालयबाट नगरपालिकाहरुलाई सशर्त तथा निशर्त अनुदान उपलब्ध गराइनेछ । सोही अनुदान रकमबाट यो सम्झौता मा उल्लेखित कार्य सम्पन्न गर्नुपर्ने छ । यसका लागि छुट्टै अनुदान उपलब्ध हुने छैन ।
५. यो कार्यसम्पादन सम्झौता मन्त्रालयले आवश्यकता अनुसार थप एवं परिमार्जन गर्दै लाने छ ।
६. नगरपालिकासंग सम्बन्धित प्रचलित कानून तथा निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० को परिधिभित्र रही कार्यकारी अधिकृतले तपसील बमोजिमका कार्यहरु सम्पादन गरी नगरक्षेत्रमा आम नगरवासीको सेवा, सुविधामा उल्लेखनीय नतिजाहरु हासिल गर्नेछ ।
७. कार्यकारी अधिकृतले सूचकहरुको मासिक प्रगति प्रगतिको अंक भार सहित मन्त्रालयमा पठाउनु पर्ने छ ।

२. **कार्यकारी अधिकृतले सम्पादन गर्नु पर्ने नतिजामूलक कार्य सूचकहरु**

| क्र.सं | कार्यक्षेत्र | इकाई | स्रोत साधन | क्रियाकलाप | नतिजा | मापक | कार्य समय | अंक | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | भू-उपयोग योजना | | **स्वीकृत वार्षिक बजेट** | नगरपरिषद्बाट भू-उपयोग योजना स्वीकृत गरी कार्यान्वयन गरिएको । | भू-उपयोग योजनाको निर्माण र कार्यान्वयन | भू-उपयोग योजनाले निषेध गरेको क्षेत्रमा भवनहरु निर्माण नभएको । | दुई वर्ष | २ | १ |
| २. | Land-Poling कार्यक्रम | | " | नगरपालिकाले शहरी विकास मन्त्रालयसंग समन्वय गरी व्यवस्थित बसोबासको लागि मापदण्ड बनाइ land | land pooling कार्यक्रम सञ्चालनमा ल्याएको | नगरपालिकाको कुनै एक स्थानमा land pooling कार्यक्रम | दुई वर्ष | २ | १ |



कार्यकारी अधिकृत

| क.सं. | कार्यक्षेत्र | इकाई | स्रोत साधन | क्रियाकलाप | नतिजा | मापक | कार्य समय | अंक | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | pooling कार्यक्रम सञ्चालनमा ल्याइएको | | संचालनमा रहेको | | | |
| ३. | वातावरण मैत्री स्थानीय शासन | | " | १) नगरपालिकाले नगरक्षेत्रको लागि निर्धारण गरिएका घर परिवार तहको वातावरणमैत्री स्थानीय शासनको आधारभुत सूचकहरुको कार्यान्वयन गरेको । | वातावरणमैत्री स्थानीय शासन कार्यान्वयन भएको हुने । | नगरपालिकाको शहरीक्षेत्रका ६५ प्रतिशत भन्दा बढी घरहरुले आधारभूत सूचकहरु पुरा गरेका हुने । | आ.व. २०७२/०७३ भित्र | २ | १ |
| | | | " | २) नगरपालिकाले नगरक्षेत्रको लागि निर्धारण गरिएका घर परिवार तहको वातावरणमैत्री स्थानीय शासनको विकसित सूचकहरुको कार्यान्वयन गरेको । | वातावरणमैत्री स्थानीय शासनको कार्यान्वयन भएको हुने । | नगरपालिकाको शहरी क्षेत्रका ५० प्रतिशत भन्दा बढी घरहरुले विकशित सूचकहरु पुरा गरेका हुने । | आ.व. २०७३/०७४ भित्र | २ | १ |
| | | | " | ३) नगरपालिकाले नगरक्षेत्रको लागि निर्धारण गरिएका वडा तहको वातावरणमैत्री स्थानीय शासनको सूचकहरुको कार्यान्वयन गरेको । | वातावरणमैत्री स्थानीय शासनको कार्यान्वयन भएको हुने । | नगरपालिकाका कम्तिमा दुई वटा वडाहरुले वातावरणमैत्री लोगो प्राप्त गरेका हुने । | आ.व. २०७३/०७४ भित्र | २ | १ |
| | | | " | ४) नगरपालिकाले कुहिने फोहर तथा प्लाष्टिक छुट्याईसकेपछि बाँकी रहेको फोहरको व्यवस्थापनका निमित्त ल्याण्डफिल साइट कार्यान्वयनमा ल्याएको वा शुन्य Landfill site को कार्यक्रम सञ्चालनमा | नगरपालिका क्षेत्रमा स्यानिटरी ल्याण्डफिल साइट व्यवस्थापन भएको । | नगरक्षेत्रको फोहरलाई दिनहुं संकलन गरी ल्याण्डफिल साइटमा व्यवस्थापन गरिएको वा फोहोरमैला ढुवानीमा बजेट विनियोजन गर्नु नपरेको | २ वर्ष | २ | २ |



कार्यकारी अधिकृत

| क.सं | कार्यक्षेत्र | इकाई | स्रोत साधन | क्रियाकलाप | नतिजा | मापक | कार्य समय | अंक | प्राप्तांक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ल्याएको | | | | | |
| | | | " | ५) नगरपालिकाले आफ्नो नगरक्षेत्रमा घर घरमा भान्साको फोहरलाई सड्ने र नसड्ने भनी विभाजन गरी सड्ने फोहरलाई घरभित्रै कम्पोष्ट मलको रुपमा उपयोगमा ल्याएको । | सड्न फोहरबाट कम्पोष्ट मल बनेको हुने । | नगरपालिकाको शहरी क्षेत्रको कम्तीमा २ वडाका ७० प्रतिशत भन्दा बढी घरहरुले सड्ने फोहोरबाट कम्पोष्ट मल बनाएको हुने । | २ वर्ष | २ | १ |
| | | | | ६) नगरपालिकाले नगरक्षेत्रका घर घरमा वर्षातमा कम्पाउण्डभित्र परेको पानीलाई ढल वा नालामा नपठाई कम्पाउण्ड भित्र जमिनमुनि पानी रिचार्ज गर्ने व्यवस्था गरेको । | घर कम्पाउण्डको पानी Recharge गरिएको हुने । | नगरपालिकाको कम्तीमा २ वडाका ६० प्रतिशत भन्दा बढी घरहरुले पानी Recharge गर्ने गरेको । घर नक्शा सम्पन्न प्रतिवेदन दिंदा यसलाई अनिवार्य गरिएको । | २ वर्ष | २ | १ |
| | | | " | ७) नगरपालिकाले नगर क्षेत्रका मुल सडकका दायाँ बायाँ वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरेको | हरेक वर्ष कम्तीमा १ कि.मी. सडक दायाँ बायाँ वृक्षारोपण गरिएको । | हरेक वर्ष कम्तीमा १ कि.मी. सडक दायाँ बायाँ वृक्षारोपण गरिएको र उक्त रुखहरु हुर्किएको अवस्थामा रहेको | २ वर्ष | २ | २ |
| | | | " | ८) नगरक्षेत्रका सार्वजनिक स्थाल जस्तै बसपार्क, पेट्रोल पम्प, मुख्य हाटबजार आदि क्षेत्रमा सार्वजनिक शौचालयहरु निर्माण गरेको । | सार्वजनिक क्षेत्रहरुमा सार्वजनिक शौचालयको निर्माण भएको हुने । | वर्षमा कम्तिमा १ सार्वजनिक क्षेत्रमा लैङ्गीक मैत्री सार्वजनिक शौचालय निर्माण भएको र संचालन भएको हुने । | २ वर्ष | २ | २ |
| | | | " | ९) नगरपालिकाले नगरपरिषद्को निर्णयबाट | नगरक्षेत्रमा प्लाष्टिकको प्रयोगमा बन्देज | नगरपालिकाको शहरी क्षेत्रमा मापदण्ड | एक वर्ष भित्र | २ | १ |



कार्यकारी अधिकृत

| क्र.सं | कार्यक्षेत्र | इकाई | स्रोत साधन | क्रियाकलाप | नतिजा | मापक | कार्य समय | अंक | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वातावरण मन्त्रालयबाट स्वीकृत राष्ट्रिय मापदण्ड अनुरुप प्लाष्टिक प्रयोगमा बन्देज गरेको | | विपरितका प्लाष्टिक नभेटिएको । | | | |
| | | | " | १०)नगरपालिकाले नगरको मुख्य शहरी क्षेत्रमा घर-घरमा कौशि वा करेसाबारी तरकारी खेतीलाई प्रवर्द्धन गरेको | शहरी क्षेत्रमा कौशिमा वा करेसाबारीमा तरकारी खेतीको कार्यान्वयन । | शहरी क्षेत्रका कम्तिमा २०% घरहरुले कौशिमा वा करेसाबारीमा तरकारी लगाई तरकारीको आपूर्ति गर्ने गरेको । | दुई वर्ष भित्र | २ | १ |
| ४. | | | " | नगरपालिकाले टोल बस्तिलाई परिचालन गरी सार्वजनिक जमिन र खोला किनारमा वृक्षारोपण गरेको हुने | नगरपालिकामा व्यापकरुपमा हरियाली कायम भएको | सार्वजनिक सबै बाँझो जग्गा, खोल्सा, नदी किनारा मध्ये वार्षिक १० प्रतिशतका दरले वृक्षरोपण भएको | नियमित रुपमा | २ | २ |
| ५. | राष्ट्रिय भवन संहिता | | " | नगर परिषद्बाट राष्ट्रिय भवन संहिता, २०६० र भवन निर्माण सम्बन्धी मापदण्ड, २०७१ लागू गर्ने निर्णय गरी यसलाई कार्यान्वयनमा ल्याइएको । | नगरपालिकाले पास गरेका हरेक घरको नक्सा राष्ट्रिय भवन संहिता २०६० र भवन निर्माण सम्बन्धी मापदण्ड, २०७१ बमोजिम रहेको । | चालू र आगामी आ.व.मा नगर क्षेत्रभित्र बनेका सबै नयाँ भवनहरु मध्ये कम्तिमा ५० प्रतिशत भवनहरु भवन संहिता लागू गरी निर्माण भएको हुने । | २ वर्ष भित्र | २ | २ |
| ६. | Retrofitting योजना सञ्चालन | | " | नगरपालिकाले पुराना घरलाई भूकम्पबाट जोगाउने Retrofitting योजना सञ्चालन गरेको | पुराना घरमा Retrofitting गरिएको | भवन संहिता विना बनेका घरहरु मध्ये वार्षिक निश्चित घरहरुमा retrofit गरिएको वा भवन संहिता विना बनेका सार्वजनिक सबै भवनमा | २ वर्ष | २ | १ |



कार्यकारी अधिकृत

| क.सं. | कार्यक्षेत्र | इकाई | स्रोत साधन | क्रियाकलाप | नतिजा | मापक | कार्य समय | अंक | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | retrofit संचालन भएको । | | | |
| ७. | दमकलको व्यवस्था | | " | नगरपालिकाले २४ सै घण्टा चालु हुने गरी दमकलको व्यवस्था गरेको । | चालु हालतको दमकल रहेको हुने । | आगलागीको समयमा दमकलको प्रयोग गर्ने गरेको । | दुई वर्ष भित्र | २ | २ |
| ८. | खुल्ला क्षेत्र घोषणा | | " | भूकम्प वा विपद् वा अन्य प्रयोजनको नगरपालिकाले निश्चित क्षेत्रलाई खुल्ला क्षेत्र तोकि खुल्ला क्षेत्रमा समावेश गर्न मन्त्रालय मार्फत गृह मन्त्रालयमा अनुरोध गरेको | नगरपरिषद्बाट खुल्ला क्षेत्र घोषण | नगरमा कम्तिमा दुई तिहाई वडाका प्रत्येक वडामा १-१ सार्वजनिक क्षेत्रलाई खुल्ला क्षेत्र तोकेको र सो क्षेत्रमा निर्माण कार्य रोक्का गरेको तथा सो क्षेत्रलाई हरियाली कायम गरेको | २ वर्ष भित्र | २ | १ |
| ९. | पशु वधशाला | | " | नगरमा स्वास्थ र सफा मासु आपूर्तिको लागि उपयुक्त स्थानमा निजी वा सार्वजनिक वा निजी-सार्वजनिक पशु वधशाला सञ्चालनमा रहेको | पशु वधशालाको सञ्चालन भएको हुने । | नगरक्षेत्रमा खुला एवम् अवस्थित तरिकाले पशुको वध गर्ने नगरिएको । | २ वर्ष भित्र | २ | १ |
| १०. | सडक मापदण्ड निर्धारण | | " | नगरभित्रका सबै सडकहरुको **Right of Way** निर्धारण भएको । | सडक **Right of way** को मापदण्ड निर्धारण र कार्यान्वय | आगामी आ.व. देखि निर्माण हुने सबै भवनले **Right of way** को मापदण्ड पालना गरेको | दुई वर्ष भित्र | २ | १ |
| ११. | सडक बत्तीको व्यवस्थापन | | " | नगरपालिकाहरुले समुदायसंग सहकार्य गरी मूल सडकको वरपर सौर्य उर्जाको माध्यमबाट सडक बत्ती सञ्चालनमा ल्याएको | मूल सडको आसपास सडक बत्तीको व्यवस्था गरेको हुने । | २ वर्ष भित्र कम्तिमा १ कि.मि. थप सडक बत्तीको व्यवस्था भएको । | २ वर्ष | २ | २ |
| १२. | नगरपालिकाको न्यूनतम शर्तको कार्यान्वयन | | " | नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन २०६६ ले निर्धारण गरेका न्यूनतम शर्तहरु पूरा भएको । | न्यूनतम शर्त पुरा गरेको | नगरपालिका न्यूनतम शर्त पुरा भएको । | हरेक वर्ष | २ | २ |

कार्यकारी अधिकृत

| क.सं | कार्यक्षेत्र | इकाई | स्रोत साधन | क्रियाकलाप | नतिजा | मापक | कार्य समय | अंक | प्राप्ता इक |
|---|---|---|---|---|---|---|---|---|---|
| १३. | नगर पालिकाको कार्यसम्पादन मापनको कार्यान्वयन | | " | नगरपालिकाको न्यूनतम शर्त पुरा गरी कार्यसम्पादन मापनमा कम्तीमा ७० प्रतिशत भन्दा बढी अंक ल्याएको । | कार्य सम्पादन मापनमा सफलता । | कार्य सम्पादन मापनमा ७० प्रतिशत भन्दा बढी अंक ल्याएको । | हरेक वर्ष | २ | १ |
| १४. | वडा नागरिक मञ्चको विस्तार | | " | नगरपालिकाका सम्पूर्ण वडाहरुमा वडा नागरिक मञ्च विस्तार भएको हुने । | वडा नागरिक मञ्चको गठन | प्रत्येक वडा नागरिक मञ्चको चौमासिक बैठक बसेको र वडा नागरिक मञ्चको सक्रियतामा प्रत्येक चौमासिकमा कम्तिमा १-१ वडा सफाई वा हरियाली अभियान सञ्चालनमा रहेको | १ वर्ष | २ | २ |
| १५. | टोल सुधार समिति/ नागरिक सचेतना केन्द्रको गठन तथा विस्तार | | " | नगरपालिका क्षेत्रभित्रका सबै टोलहरुमा टोल सुधार समिति/नागरिक सचेतना केन्द्रको गठन भएको हुने । | टोल सुधार समिति/नागरिक सचेतना केन्द्रको गठन | नागरिक सचेतना केन्द्र वा टोल सुधार समितिको सक्रियतामा नगरका सबै घटनाको घटना दर्ता हुने गरेको | १ वर्ष | २ | २ |
| १६. | पेश्की बेरुजु | | " | २ वर्षभित्र बहालवाला कर्मचारीको नाममा रहेको म्याद नाघेको पेश्की सून्य हुनेछ । अन्य व्यक्ति, पदाधिकारी तथा संस्थाको नाममा रहेको म्याद नाघेको पेश्की ७० प्रतिशतले घटेको हुनेछ । | नगरपालिकाले वित्तिय सुशासन कार्ययोजना निर्माण गरी वित्तिय सुशासन कायम गर्ने गरेको | कर्मचारीको नाममा म्याद नाघेको पेश्की नभएको र बेरुजु कम्तीमा ७० प्रतिशतले घटेको | २ वर्ष | २ | २ |
| १७. | राजस्व परिचाल | | " | नगरपालिकाले लगाउँदै आएको घर जग्गा कर | एकीकृत सम्पति कर वा MARS | एकीकृति सम्पति कर वा MARS | २ वर्ष | २ | २ |



कार्यकारी अधिकृत

| क्र.सं | कार्यक्षेत्र | इकाई | स्रोत साधन | क्रियाकलाप | नतिजा | मापक | कार्य समय | अंक | प्राप्तांक |
|---|---|---|---|---|---|---|---|---|---|
| | न | | | विस्थापित गरी सोको सट्टा एकीकृत सम्पत्ति कर कार्यान्वयनमा ल्याएको हुनेछ वा Municipal Administration and Revenue System कार्यान्वयनमा ल्याएको | कार्यान्वयन भएको । | कार्यान्वयन भएको । | | | |
| १८. | राजस्व परिचालन | | " | नगरपालिकामा व्यवसाय करको नक्सांकन गरी व्यवसाय करको दायरामा आउन सक्ने करदाताहरु मध्ये कम्तीमा ७० प्रतिशत करदाताहरुलाई दायराभित्र ल्याई व्यवसाय कर उठाएको | व्यवसाय कर तिर्ने करदाता र कर रकममा वृद्धि भएको । | हरेक वर्ष कम्तिमा १० प्रतिशत नयाँ करदाताहरु करको दायरामा आएको | १ वर्ष | २ | १ |
| १९. | राजस्व परिचालन | | " | नगर क्षेत्रमा बहालमा लगाएको घरमध्ये कम्तीमा ६० प्रतिशत घरबाट घर बहाल कर असूल गरेको । | बहाल कर तिर्ने करदाता र कर रकम वृद्धि भएको । | हरेक वर्ष कम्तिमा १० प्रतिशत नयाँ करदाताहरु करको दायरामा आएको | १ वर्ष | २ | १ |
| २०. | राजस्व परिचालन | | " | नगरपालिकाको आन्तरिक आम्दानीमा अघिल्लो वर्षभन्दा कम्तीमा २० प्रतिशतले वृद्धि गरेको । | आन्तरिक आम्दानीमा वृद्धि भएको र चालु खर्च आन्तरिक आयको सीमाबाट व्यहोरिएको | २० प्रतिशतले आन्तरिक आय बढेको । | १ वर्ष | २ | २ |
| २१. | इ सबमिशन कार्यान्वयन | | " | रु ६० लाख भन्दा माथिको सबै प्रकारको ठेक्कामा इ सबमिशन लागू भएको हुनेछ । | नगरपालिकाका कुनै पनि ठेक्काहरुमा ठेकेदारहरुको मोलमोलाइ नभएको । | रु ६० लाख भन्दा माथिको सबै प्रकारको ठेक्कामा इ सबमिशन लागू | १ वर्ष | २ | २ |
| २२. | प्रोदभावी लेखा प्रणाली | | " | प्रोदभावी लेखा प्रणाली लागू गर्ने कार्य अघि बढेको हुनेछ | Openning Balance Sheet तयार भएको हुने | Openning Balance Sheet तयार भएको हुन | २ वर्ष | २ | १ |
| २३. | नगर यातायात गुरुयोजना | | " | २ वर्षभित्र नगर क्षेत्रको नगर यातायात गुरुयोजना तयार भएको हुनेछ । | नगर यातायात गुरुयोजना तयार भएको हुने । | नगर यातायात गुरुयोजना दस्तावेज तयार भई सो अनुसार | २ वर्ष | २ | १ |



कार्यकारी अधिकृत

| क्र.सं. | कार्यक्षेत्र | इकाई | स्रोत साधन | क्रियाकलाप | नतिजा | मापक | कार्य समय | अंक | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मात्र सडक निर्माण भएको | | | |
| २४. | इन्टरनेट प्रयोग | | " | सबै अधिकृत स्तरका कर्मचारीहरुको कार्यालयको ठेगाना रहेको इ मेल खोलिएको हुनेछ । चौथो तहभन्दा माथिका सम्पूर्ण कर्मचारीहरुलाई Basic computer Knowledge हुनेछ । | इन्टरनेटबाट अन्तर शाखाबीच सूचना तथा जानकारी आदान प्रदान भएको हुने । | नगरपालिकामा आन्तरिक सञ्चारमा Paperless गरिएको | १ वर्ष | २ | २ |
| २५. | E Building Permission | | " | २ वर्षभित्र E Building Permission कार्यको थालनी भएको हुनेछ । | E Building Permission कार्यको थालनी भएको हुने । | नक्सा पासमा E Building Permission System कार्यान्वयमा आएको | २ वर्ष | २ | १ |
| २६. | सामाजिक सुरक्षा भत्ता वितरण | | " | सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गरिएको हुनेछ र मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता पाउनेहरुको अद्यावधिक विवरण मन्त्रालयमा हरेक वर्ष उपलब्ध भएको हुने छ । | सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गरिएको हुने | सामाजिक सुरक्षा भत्ता पूर्ण रुपमा बैंक मार्फत वितरण गरिएको | १ वर्ष | २ | २ |
| २७. | भ्रष्टाचारमा शून्य सहनशील नगरपालिकाको घोषणा | | " | नगरपालिकाले जिल्ला प्रशासन कार्यालयको समेत सहयोग लिई नगरपालिकाबाट विशेष कार्ययोजना बनाई आफ्नो नगरपालिकालाई भ्रष्टाचारमा शून्य सहनशील नगरपालिको रुपमा घोषणा गरेको | कार्ययोजना बनाई घोषणलाई सार्वजनिक गरेको | नगरपालिकाका कुनै कर्मचारीहरु भ्रष्टाचारको कारवाहीमा नपरेको । | २ वर्ष | २ | १ |
| २८. | शहरी स्वास्थ्य क्लिनिक वा योगा/ध्यान केन्द्र सञ्चालन | | " | नगरपालिका क्षेत्रभित्र स्थानीय सामुदायको सहयोगमा आवश्यकता अनुसार शहरी स्वास्थ्य क्लिनिक वा योगा /ध्यान केन्द्र सञ्चालन भएको | हरेक वडामा शहरी स्वास्थ्य क्लिनिक वा योगा/ध्यान केन्द्र संचालन भएको | नगरपालिकाको सक्रियतामा हरेक वडामा शहरी स्वास्थ्य क्लिनिक वा योगा/ध्यान केन्द्र संचालन | २ वर्ष | २ | २ |



कार्यकारी अधिकृत

| क.सं. | कार्यक्षेत्र | इकाई | स्रोत साधन | क्रियाकलाप | नतिजा | मापक | कार्य समय | अंक | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | भएको | | | |
| २९. | छाडा पशु चौपाया नियन्त्रण | | " | नगरक्षेत्रभित्र पशु चौपाया नियन्त्रणका लागि काञ्जी हाउस सचालन गरेको । | काञ्जि हाउस संचालन गरिएको । | नगरपालिकाको शहरी क्षेत्रमा छाडा पशु चौपाया भेटिने नगरेको | २ वर्ष | २ | २ |
| ३०. | नगरको समग्र नगर विकास योजना निर्माण | | " | नगरपालिकाले आफ्नो नगरको समग्र विकासको लागि समग्र नगर विकास योजना निर्माण गरी कार्यान्वयन गरेको | Comprehensive Town Development Plan निर्माण भई कार्यान्वयमा आएको | नगरपालिकाले वार्षिक विकास निर्माण कार्यक्रमहरु Comprehensive Town Development Plan अनुसार माग गरेको । | २ वर्ष | २ | १ |
| ३१. | बोटानिकल गार्डेन वा सार्वजनिक पार्क स्थापना | | " | नगरपालिकाले आफैं वा आसपासका गाविस वा नपाहरुसंग संयुक्तरुपमा आगामी ५ वर्ष भित्रमा नगरक्षेत्रमा कम्तिमा एउटा बोटानिकल गार्डेन वा सार्वजनिक पार्क स्थापना गर्ने कार्यक्रम तर्जुमा ल्याएको | नगरपालिकामा कम्तिमा एक बोटानिकल गार्डेन वा सार्वजनिक पार्क स्थापना भएको | कार्यक्रम स्वीकृत गरी कार्यान्वयन चरणमा प्रवेश गरेको | २ वष | २ | १ |
| ३२. | सार्वजनिक जग्गाको संरक्षण | | " | नगरपालिकाले आफ्नो क्षेत्रमा रहेको सम्पूर्ण सार्वजनिक जमिन तथा सम्पत्तिको लगत तयार गरी सो को विवरण मन्त्रालयमा पठाएको हुने | सम्पूर्ण सार्वजनिक जमिन तथा सम्पत्तिको लगत राखेको र सो को संरक्षण भएको | हरेक वर्ष सम्पूर्ण सार्वजनिक जमिन तथा सम्पत्तिको लगत प्रतिवेदन मन्त्रालयमा उपलब्ध भएको | हरेक वर्ष | २ | १ |
| ३३. | सामुदायिक विद्यालयमा लैङ्गिक मैत्री शौचालय | | " | नगरपालिकाबाट सहयोग पाउने सामुदायिक विद्यालयमा पानी सहितको महिला र पुरुषका लागि अलग अलग शौचालय रहेको | नगरपालिकाबाट सहयोग पाउने सबै सामुदायिक विद्यालयमा लैङ्गिक मैत्री शौचालय रहेको | लैङ्गिक मैत्री शौचालय नभएका विद्यालयमा सो अनुसारको शौचालय देखि बाहेक अन्य सहयोग नगरपालिकामा नभएको | निर्यामत | २ | १ |



कार्यकारी अधिकृत

| क.सं | कार्यक्षेत्र | इकाई | स्रोत साधन | क्रियाकलाप | नतिजा | मापक | कार्य समय | अंक | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| ३४. | खुल्ला दिशा मुक्त क्षेत्र घोषणा | | " | नगरपालिकाले आफ्नो नगरलाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरेको हुने | ODF घोषणा गरी कार्यान्वयनमा ल्याएको | नगरपालिकामा सबै नगरवासीले चर्पीमा मात्र दिशा गर्ने गरको | २ वर्ष | २ | १ |
| ३५. | वातावरण मैत्री कार्यालय को सूचकको कार्यान्वयन | | " | नगरपालिकाले वातावरण मैत्री स्थानीय शासनको प्रारुप २०७० मा उल्लेखित वातावरण मैत्री कार्यालयका सूचकहरु कार्यान्वयनमा ल्याउको | नगरपालिका कार्यालय वातावरण मैत्री घोषण भएको | कम्तिमा दुई तिहाई सूचकहरु कार्यान्वयनमा आएको प्रतिवेदन स्थलगत निरीक्षणबाट देखिएको | २ वर्ष | २ | १ |
| ३६. | भवन आचार संहिताको तालिम | | " | नगरपालिकाले नगरक्षेत्रमा घर निर्माणमा संलग्न डकर्मि, मिस्त्री आदिलाई भवन संहिता सम्बन्धी तालिम प्राप्त जनशक्तिबाट मात्र भवन बनाउने व्यवस्था गरेको | तालिम प्राप्त जनशक्तिबाट मात्र घर निर्माण हुने गरेको | नगरपालिकामा आ.व. २०७१/७२ देखि तालिम प्राप्त जनशक्तिबाट मात्र घर निर्माण हुने गरेको | नियमित | २ | १ |
| ३७. | Cost-Effective Housing को तालिम र Certification | | " | नगरपालिकाले कम्तिमा २५ जना घर व्यक्तिलाई Cost-Effective Housing वा Green Home निर्माण सम्बन्धी १ हप्ते तालिम प्रदान गरी certified गरेको | २५ जना तालिम प्राप्त जनशक्ति उत्पादन | नगरपालिकामा तालिम प्राप्त जनशक्तिबाट Cost-effective house निर्माण वा Green Home अवधारणा अनुसार घर निर्माण हुन थालेको | २ वर्ष | २ | १ |
| ३८. | बालश्रममा निषेध | | " | नगरपालिकाले प्रचलित कानून बमोजिम बालश्रमलाई निषेध गरेको | नगर क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रममा कमी आएको | नगरपालिकाले बालश्रम नराखेको कबूल गर्नेलाई मात्र नगरपालिकाबाट प्रवाह गर्नु पर्ने सार्वजनिक सेवा प्रवाह गरेको र बालश्रम राख्नेलाई सार्वजनिक गरी हतोत्साही गर्ने गरेको | नियमित | २ | १ |
| ३९. | सरसफाई सप्ताह सञ्चालन | | " | नगरपालिकाले वर्षको कुनै महिनाको कुनै हप्तालाई सरसफाई सप्ताह घोषणा गरी सो | सरसफाई सप्ताह कार्यान्वयन मा आई सहर सफा | नगरको शहरी क्षेत्र सफा भएको र यसको सार्वजनिक | १ वर्ष | २ | २ |



कार्यकारी अधिकृत

| क.सं. | कार्यक्षेत्र | इकाई | स्रोत साधन | क्रियाकलाप | नतिजा | मापक | कार्य समय | अंक | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सप्ताह व्यापकरुपमा सफा सहर कार्यक्रम सञ्चालनमा ल्याएको | भएको | सञ्चार माध्यमले तारिफ गरेको | | | |
| ४०. | फोहरमैला ऐन र नियम कार्यान्वयनमा आएको | | " | नगरपालिकाले फोहरमैला ऐनले तोके अनुसार सो ऐन विपरित काम गर्नेहरुलाई दण्ड जरिवाना गर्ने गरेको | ऐन विपरित काम गर्नेहरुलाई जरिवाना नियमित रुपमा गरिएको | हरेक महिना जरिवाना रकम नगरपालिकामा प्राप्त भएको | १ वर्ष भित्र | २ | २ |
| ४१. | Town Hall निर्माण | | " | नगरपालिकाले आफैले वा सर्वसाधारण जनताको समेत साझेदारीमा कम्तिमा आगामी ५ वर्ष भित्रमा Town Tower निर्माण गरिसक्ने गरी कार्यथालनी गरेको | Town Hall को डिजाइन गरी बजेट विनियोजन गरी ठेक्का आरम्भ भएको | Town Hall निर्माणको समुद्घाटन भएको | ३ वर्ष | २ | २ |
| ४२. | View Tower /रङ्गशाला निर्माण | | " | नगरपालिकाले आफैले वा सर्वसाधरण जनताको समेत साझेदारीमा कम्तिमा आगामी ५ वर्ष भित्रमा View Tower /रङ्गशाला निर्माण गरी सक्ने गर्न कार्यथालनी गरेको | View Tower /रङ्गशाला को डिजायन गरी बजेट विनियोजन गरी ठेक्का आरम्भ भएको | View Tower रङ्गशालाको निर्माणको समुद्घाटन भएको | ३ वर्ष | २ | २ |
| ४३. | Home Stay कार्यक्रम सञ्चालन | | " | नगरपालिकाले पर्यटन मन्त्रालयसंग समन्वय गरी नगरको कम्तिमा एक बस्तिमा Home Stay कार्यक्रम सञ्चालनमा ल्याएको | Home Stay कार्यक्रम सञ्चालन भई पर्यटकबाट हुने आम्दानी बढेको | Home Stay कार्यक्रम सञ्चालन | २ वर्ष | २ | १ |
| ४४. | भगिनी सम्बन्ध कायम | | " | नगरपालिकाले देश भित्रको एउटा र देश बाहिरको कुनै एक नगरपालिकासंग भगिनी सम्बन्ध विस्तार गरी आपसी सहयोग बढाएको | २ वटा नगरपालिकासंग भगिनी सम्बन्ध विस्तार भएको | कम्तिमा पप १ वटा नगरपालिकासंग भगिनी सम्बन्ध विस्तार भई आपसी सहयोग आदन प्रदान भएको | २ | २ | ० |
| ४५. | ऐतिहासिक स्थलको संरक्षण र उपयोग | | " | नगरपालिकाले इतिहासविद् वा पुरातत्वविद्को सहायतामा आफ्नो क्षेत्रमा रहेको | ऐतिहासिक स्थलको पहिचान र सो स्थानमा ढुंगामा विवरण लेखिएको | ऐतिहासिक स्थलको पहिचान र सो स्थानमा पर्यटकहरु जान | २ वर्ष | २ | १ |



कार्यकारी अधिकृत

| क्र.सं. | कार्यक्षेत्र | इकाई | स्रोत साधन | क्रियाकलाप | नतिजा | मापक | कार्य समय | अंक | प्राप्तांक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | एतिहासिक व्यक्ति, घटनासंग जोडिएका वा अन्य ऐतिहासिक स्थल पहिचान गरी सो स्थानमा ढुंगामा विवरण राखी सो स्थललाई पर्यटकीय प्रवर्द्धनमा प्रयोगमा ल्याएको | | थालेको | | | |
| ४६. | City Civil Code सञ्चालन | | " | नगरपालिकाले आफ्नो नगरपालिका सुहाउँदो City Civil Code निर्माण गरी कार्यान्वयनमा ल्याउने | City Civil Code निर्माण भई कार्यानवयनमा आएको | City Civil Code निर्माण भई कार्यानवयनमा आएको | १ वर्ष | २ | ० |
| ४७. | बालमैत्री स्थानीय शासन | | " | बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ तथा कार्यान्वन कार्यविधि २०६८ ले निर्धारण गरे अनुरुप आफ्नो नगरपालिकालाई बालमैत्री नगर बनाउन बालमैत्री स्थानीय शासन युक्त बनाउन रणनीति कार्यान्वयन गर्ने | नगरपालकामा बालमैत्री स्थानीय शासनको अवधारणा अवलम्बन भएको हुने। | नगरपालिकाले बाल मैत्री स्थानीय शासनका सेवा प्रवाह र संस्थागत विकास सम्बन्धी सूचकहरुमध्ये ५० प्रतिशत सूचकहरु हासिल गरेको हुनुपर्ने। | २ वर्ष | २ | १ |
| ४८. | एक वस्तु एक नगरको अवधारणा कार्यान्वयन | | " | नगरपालिकाले स्थानीय उद्योग तथा व्यापारसंग सम्बन्धित संस्थाहरुसंग सहकार्य गरी नगरपालिकाको पहिचानको रुपमा एक वस्तु विकास गरी उत्पादन तथा बिक्री गर्ने कार्यक्रम सञ्चालन गरेको | नगरपालिकामा एक वस्तु एक नगर कार्यक्रम सञ्चालन रही स्थानीय आर्थिक विकास भएको | नपामा रहेको निजी वा सार्वजनिक कोसेली घरबाट नपाको पहिचानको वस्तु बिक्री हुने गरेको | २ वर्ष | २ | १ |
| ४९. | Centre of Excellence | | " | नगरपालिकालाई centre of Excellence बनाउन कम्तिमा आगामी ५ वर्ष भित्रमा ISO 1400 प्राप्त गर्ने कार्ययोजना निर्माण भई कार्यान्वयनमा आएको | कार्ययोजनाको कार्यान्वयन नियमित रुपमा भएको | कार्ययोजना निर्माण भएको | १ वर्ष भित्रमा | २ | ० |



कार्यकारी अधिकृत

| क.सं | कार्यक्षेत्र | इकाई | स्रोत साधन | क्रियाकलाप | नतिजा | मापक | कार्य समय | अंक | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| ५०. | कर्मचारीसंग कार्य सम्पादन सम्झौता | | " | कार्यकारी अधिकृतले यस सम्झौताको नगरपालिकाको ५ वर्षे Business Plan तयार गरी हरेक कर्मचारीसंग व्यक्तिगत तथा शाखागत रुपमा अलग-अलग सूचकमा आधारित कार्यसम्पादन सम्झौता गरेको | कम्तिमा दुई तिहाई कर्मचारीले कार्य सम्पादनमा कम्तिमा ७० % अंक प्राप्त गरेको | कम्तिमा दुई तिहाई कर्मचारीले कार्य सम्पादनमा कम्तिमा ७० % अंक प्राप्त गरेको र तोकिएको भन्दा कम अंक ल्याउने कर्मचारीहरुलाई सजाय गरिएको | १ वर्ष | २ | १ |
| ५१. | विकास निर्माण सामाग्रीको गुणस्तरको मापदण्ड | | " | नगरपालिकाले नगर क्षेत्रमा सञ्चालन हुने नगरस्तरीय विकास निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री तथा कच्चा पदार्थको बारेमा मापदण्ड बनाई गुणस्तरको कार्यान्वयन गरेको | नगरस्तरीय विकास निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री तथा कच्चा पदार्थको बारेमा मापदण्ड निर्माण र कार्यान्वयन | आर्थिक वर्ष २०७१/०७२ देखि बन्ने सबै सार्वजनिक विकास निर्माणका संरचनाहरु मापदण्ड अनुरुप मात्र बनेको | १ | २ | १ |
| ५२. | सडक विस्तार | | | नगरपालिकाले नगरक्षेत्र भित्र हरेक बस्तिमा दमकल पुग्न सक्ने सडक व्यवस्थापन गर्ने उद्देश्यका साथ वडा वडामा सडक विस्तार गर्न अभियान संचालन गरेको | नगरक्षेत्रका सडकहरु विस्तार भएको | हरेक वर्ष कम्तिमा १ वडामा सडक विस्तार कार्यक्रम सञ्चालन भई सडक विस्तार भएको | नियमित | २ | २ |
| ५३. | मेट्रिक सिस्टम कार्यान्वयन | | | नगरपालिकाले आफनो क्षेत्रमा रहेका सडक तथा घरहरुको मेट्रिक प्रणाली शुरु गरेको हुनेछ । | नगरपालिकामा मेट्रिक सिस्टम कार्यान्वयनमा आएको | नगरपालिका कार्यालय रहेको वडाको हरेक घरको द्वारमा घर नं. उल्लेख भएको प्लेट राखिएको | २ वर्ष भित्र | २ | १ |
| | जम्मा प्राप्ताङ्क | | | | | | | | ८२ |

**कार्यसम्पादन अंक भारको विभाजन अनुसार वीरगंज उपमहानगरपालिकाले ८२ अंक प्राप्त गरेकाले उच्च नतिजा हासिल गरेको देखिनछ ।**

**कार्यसम्पादनका लागि उपलब्ध गराइने स्रोत साधन र जनशक्ति**

१. **जनशक्ति:** नगरपालिकाको स्वीकृत संगठन संरचना, नगरपालिका मातहत संचालन हुने आयोजना तथा कार्यक्रमहरुको सम्पुर्ण जनशक्ति परिचालन र उपयोग गर्न सक्नु हुनेछ ।

२. **वित्तिय स्रोत:** यस मन्त्रालयवाट स्वीकृत सशर्त र निसर्त अनुदान, आयोजनागत बजेट र स्थानीय निकायको आन्तरिक आय (राजश्व बाँडफाँड) समेत परिषदवाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार प्रचलित कानुनको प्रकिया बमोजिम परिचालन गर्न सक्नु हुनेछ ।

३. **अन्य स्रोत:** नगरपालिकामा उपलब्ध हुने सबै प्रकारका स्रोतहरु प्रचलित कानुनको अधिनमा रही परिचालन गर्न सक्नु हुनेछ ।

**कार्यसम्पादन अंक भारको बिभाजन**

| कार्यसम्पादन अंक | नतिजा |
|---|---|
| ०- ४० सम्म | कमजोर |
| ४० भन्दा बढी देखि ५० सम्म | न्यून |
| ५० भन्दा बढी देखि ६० सम्म | सामान्य |
| ६० भन्दा बढी देखि ८० सम्म | राम्रो |
| ८० भन्दा बढी देखि १०० सम्म | उच्च |
| १०० भन्दा बढी | उत्कृष्ट |

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| महेन्द्र मान गुरुङ<br>सचिव<br>सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार<br>मिति: | विष्णु प्रसाद कोइराला<br>कार्यकारी अधिकृत<br>वीरगंज उप-महानगरपालिकाका कार्यालय, वीरगंज<br>मिति: २०७५/१२/११ |

साक्षीहरु
गोपीकृष्ण खनाल
सह-सचिव
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार
मिति: